# मकालु गाँउपालिकाको कर्मचारीहरुको नियमित तह बृद्धि/बढुवा सम्बन्धी कार्यविधि- २०८१

प्रस्तावना : कोशी प्रदेश सरकारबाट जारी भएको "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" मा गरिएको तह बृद्धि सम्बन्धी व्यवस्थालाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी मकालु गाँउपालिकाले यो कार्यविधि बनाएको छ ।

१ ) संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम "कर्मचारीहरुको तह बृद्धि बढुवा सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२ ) परिभाषा : विषय वा प्रशंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क) "ऐन" भन्नाले कोशी प्रदेश सरकारबाट जारी भएको "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० सम्झनु पर्छ ।

ख) "अख्तियारवाला" भन्नाले कर्मचारीको नियुक्ति, पदस्थापन र अवकाशको निर्णय गर्ने अधिकारी सम्झनु पर्छ ।

ग) "कर्मचारी" भन्नाले मकालु गाँउपालिका अन्तर्गत विभिन्न सेवाका पदहरुमा बहाल रहेको स्थायी कर्मचारी सम्झनु पर्दछ । सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम मकालु गाँउपालिकामा समायोजन भएका कर्मचारी साथै सङ्घीय तथा प्रदेश लोकसेवा आयोगबाट सिफारिस भै मकालु गाँउपालिकामा स्थायी नियुक्ति भएका कर्मचारी समेतलाई जनाउँदछ ।

घ) "गाँउ कार्यपालिका" भन्नाले मकालु गाँउपालिकाको गाँउ कार्यपालिकालाई सम्झनु पर्छ ।

ङ) "गाँउपालिका" भन्नाले मकालु गाँउपालिकालाई सम्झनु पर्छ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मकालु गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

छ) "प्रदेश" भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्छ ।

ज) "प्रमुख सचिव " भन्नाले कोशी प्रदेशको प्रमुख सचिवलाई सम्झनु पर्छ ।

झ) “प्रदेश किताबखाना" भन्नाले प्रदेश निजामती तथा स्थानीय सरकारी सेवाका कर्मचारीको अभिलेख राख्ने प्रयोजनका लागि मन्त्रालय अन्तर्गत रहेको शाखा सम्झनु पर्छ ।

ञ) “प्रदेश लोकसेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोकसेवा आयोग सम्झनु पर्छ ।

ट) “स्थायी पद” भन्नाले निवृतभरण वा योगदान मूलक निवृतभरण वा उपदान पाउने र म्याद नतोकिएको स्थानीय सेवाको पद सम्झनु पर्छ ।

ठ)“स्थानीय सरकारी सेवा" भन्नाले "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० को दफा ३ मा भएका स्थानीय सरकारी सेवाहरू सम्झनु पर्छ ।

३ ) <u>सूचना प्रकाशन गर्ने</u> : (१) यो कार्यविधि बमोजिम मकालु गाँउपालिकाको स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीहरुको तह वृद्धि गर्दा ऐनको दफा २७ को उपदफा(३) बमोजिम हुनेछ। साथै आवश्यक न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीहरुको लागि कार्यालयले प्रत्येक आर्थिक वर्षको आसाढ महिना र पौष महिनामा सम्भाव्य उम्मेदवारहरुका लागि ३० दिनको म्याद दिई दरखास्त आव्हानको सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम तह वृद्धिको लागि गाँउपालिकाको सूचना पाटी, वडा कार्यालयहरुको सूचना पाटी र गाँउपालिकाको वेव साइटमा सूचना प्रकाशन गरिनेछ । तह वृद्धिको लागि योग्य उम्मेदवारले दरखास्त दिदा अनुसुची - १ बमोजिमको ढाँचामा देहायका कागजात संलग्न गरी तोकिएको म्यादभित्र गाँउ कार्यपालिकाको कार्यालयमा आवेदन दर्ता गराउनु पर्नेछ ।

क) स्थायी नियुक्ति पत्रको प्रतिलिपी,

ख) हालको पदमा वढुवा वा स्तरवृद्धि भएको भए सो को प्रतिलिपी,

ग) समायोजन भएको पत्रको प्रतिलिपि,

घ) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी,

ङ) आवश्यक न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी,

च) यस गाँउपालिकामा स्थायी दरबन्दी भई अन्यत्र कामकाज गर्न खटिएका कर्मचारीहरुको हकमा नीजहरुले आफु कार्यरत रहेको कार्यालयमा नियमित रुपमा कामकाज गरि रहेका प्रमाण पेश गर्नु पर्नेछ ।

(३) तह वृद्धि हुँदा त्यस्तो पद स्वतः माथिल्लो तहको पदमा कायम हुनेछ र त्यसरी तह वृद्धि भएको कर्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो पद साविककै पदमा कायम हुनेछ ।

(४) यसरी तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलब भन्दा घटी हुने भएमा खाईपाई आएको तलब भन्दा घटी नहुने गरी ग्रेड मिलान गरिने छ ।

४) <u>सिफारिस समिति</u> :(१) गाँउपालिकामा कार्यरत कर्मचारीको तह बृद्धि गर्न ऐनको दफा २७ को (४) बमोजिमको सिफारिस समिति रहने छ ।

(२) सिफारिस समितिको सचिवालयको काम प्रशासन शाखाले गर्ने छ ।

५ ) <u>तह बृद्धि गर्ने न्यूनतम योग्यता र सेवा अवधि</u> : तह बृद्धिको लागि ऐनको दफा २७ र २८बमोजिमको योग्यता पुरा गरेको हुनु पर्नेछ ।

६ ) <u>तह बृद्धि सम्बन्धि विशेष व्यवस्था</u> : यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि निम्न बमोजिमको विषेस व्यावस्था रहनेछ ।

(१) ऐनको दफा ४ को उपदफा (५) बमोजिम स्थानीय तहको साहायक चौथो र पाचौ तहमा तथा अधिकृत स्तर सातौं र नवौ तहका समान पदमा समायोजन भइ कार्यरत रहेका हाल सम्म तहबृद्धि नभएका कर्मचारीहरु सम्बन्धित पदमा यो ऐन जारी हुँदा सम्म तीन बर्ष सेवा अबधि पुरा भएमा स्वत एक तह बृद्धि हुनेछ। नीजहरु जुनसुकै व्यहोराले अवकास भएमा सो पद स्वत खारेज हुनेछ ।

(२) ऐनको दफा ८ (१३) बमोजिम चौथो तहका सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीलाइ पाचौ तहको कम्प्युटर अपरेटर पदमा स्वत बढुवा गरीनेछ त्यसरी बढुवा गर्न एक तह माथिको पद स्वत सिर्जना हुनेछ र साविकको पद स्वत खारेज हुनेछ ।

(३) ऐनको दफा २७ को उपदफा (१) बमोजिम स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीको पाँचौ तहबाट छैटौं तह, सातौ तहबाट आठौ तह र नवौ तहबाट दशौ तहमा तहबृद्धि गर्दा तह बृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा पाँच बर्षको सेवा अबधि पुरा भएको र पछिल्लो तीन बर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत नब्बे प्रतिसत अङ्क प्राप्त गरेका कर्मचारीहरुलाई सम्बन्धित सेवा, समूह वा उपसमूहमा तह बृद्धि गरीनेछ।

(३) (क) ऐनको दफा २६ अनुसार तह वृद्धि वा बढुवाका लागि स्थानीय तहमा समायोजन भएका कर्मचारीको ज्येष्ठता गणना गर्दा तह वृद्धि भएको वा नभएको दुवै अवस्थामा समायोजन हुँदाको तत्काल अघिको सेवा समूहको पदमा स्थायी नियुक्ति पाएको मितिवाट कायमहुने गरी सेवा अवधि गणना गरिने ऐनको व्यावस्था अनुसार, स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको हकमा पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्यांकनमा औसत नब्बे प्रतिसत अंक प्राप्त गरेका कर्मचारीलाई सम्बन्धित सेवा समूह वा उपसमूहमा तह वृद्धि गरिनेछ ।

(४) ऐनको दफा २७ को उपदफा (१) बमोजिम स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीको पाँचौ तहबाट छैटौं तह, सातौ तहबाट आठौ तह र नवौ तहबाट दशौ तहमा तहबृद्धि गर्दा थप शैक्षिक योग्यताको आबश्यक्ता पर्ने छैन। तर समायोजनका बखत तोकिएको अबधि नपुगी तह बृद्धि नभएका कर्मचारीलाई एक पटकका लागि सेवा प्रवेसका लागि तोकिएको योग्यता भए पुग्नेछ ।

(५) ऐनको दफा २९ को उपदफा (१) बमोजिम एउटै तहको पदमा कम्तीमा बाह्र बर्षसम्म बहाल रहिरहेका दशौ तह वा सो भन्दा मुनीका कर्मचारीहरुको हकमा ऐनको दफा ५३ बमोजिम अनिवार्य अवकास हुन एक महिना बाँकी भएमा निजलाई एक तह माथिको पदमा बढुवा गरीनेछ ।

(६) संघीय लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा स्थानीय सेवाको छैटौं तहको पदमा सिफारिस भई नियुक्ति भई सकेका कर्मचारीलाई स्थानीय सेवाको सातौं तहका लागि आवश्यक

न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौं तह कायम गरी दिने । यसरी सातौ तह कायम गर्नु पूर्व संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्नु पर्नेछ ।

७ ) कामकाजमा खटिएका कर्मचारी सम्वन्धी व्यवस्थाः - कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह वृद्धि हुने । एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी / पदाधिकार रहेको कार्यालयमा तह वृद्धि गर्न सकिनेछ ।

८ ) जेष्ठता कायम : (१) तह वृद्धि हुने कर्मचारीको ऐनको दफा २६ को उपदफा (२) र (३)बमोजीम ज्येष्ठता कायम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि तह बृद्धि वा वढुवा प्रयोजनका लागि स्थानीय तहमा समायोजन भएका कर्मचारीको जेष्ठता गणना गर्दा तह बृद्धि भएको वा नभएको दुबै अबस्थामा समायोजन हुँदाको तत्काल अघिको सेवा समूहको पदमा स्थायी नियुक्ति पाएको मितिबाट कायम हुने गरी सेवा अबधि गणना गरिनेछ ।

९ ) यस कार्यविधि अनुरुप तह वृद्धि / कायम भएका कर्मचारीलाई अनुसुचि – २ बमोजिमको ढाँचामा तह वृद्धि / कायमको पत्र दिइनेछ ।

१०) तह बृद्धि गर्न नहुने : यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा तह बृद्धि तथा बढुवा समितिले कर्मचारीलाई तह बृद्धिको लागि सिफारिस गर्न पाइने छैनः-

(क) नसिहतको सजाय पाएकोमा नसिहत पाएको मितिले एक बर्षसम्म,

(ख) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ग) तलबबृद्धि वा बढुवा रोक्का भएकोमा तलबबृद्धि वा बढुवा रोक्का भएको अवधिभर र

(घ) असाधारण विदामा बसेकोमा सो विदाको अवधिभर ।

११) जानकारी दिनु पर्ने : यस कार्यविधि बमोजिम गरेको बढुवा र तह बृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्रमा मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ ।

१२ ) उजुरी तथा गुनासो : यस कार्यविधि बमोजिम भएको तह बृद्धिको निर्णय उपर कुनैपनि उम्मेद्वारलाई चित्त नबुझेमा सूचना प्रकाशन भएको २१ दिन भित्र प्रदेश लोकसेवा आयोगमा उजुरी / गुनासो गर्न सकिनेछ ।

१३) बाधा अड्काउ फुकाउने : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा प्रदेश लोकसेवा आयोगको परामर्शमा गाँउ कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१४ ) प्रचलित कानून बमोजिम हुने : यस कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूचि १

दफा ३ को उपदफा २ सँग सम्बन्धित

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

मकालु गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय,

नुम, संखुवासभा ।

विषय: तह बृद्धि / बढुवा कायम गरि पाउँ ।

प्रस्तुत सम्बन्धमा यस मकालु गाँउपालिकाको नियमित तह बृद्धि / बढुवा सम्बन्धी मिति २०८१ ............मा प्रकाशित सुचना अनुसार हाल म तपशिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिमको पदमा तह बृद्धि/ बढुवा हुन योग्य रहेको हुँदा तपशिल बमोजिमको कागजात सहित यो निवेदन पेश गर्दछु ।

तपसिल :

१. स्थायी नियुक्तिको पत्र ।

२. समायोजन / समायोजन मिलानको पत्र ।

३. बढुवा/स्तरबृद्धि/तहबृद्धि / तह कायम भएको पत्र ।

४. नेपाली नागरिकताको प्रमाणपत्र ।

५. शैक्षिक योग्यताको प्रमाणपत्र

| हाल कार्यरत पदको विवरण | तह बृद्धि /बढुवा हुनुपर्ने पदको विवरण |
|---|---|
| नाम थरः | सेवा: |
| पदः | समूह /उपसमूह: |
| तह: | पदः |
| सेवा: | तह: |
| सुरु नियुक्ति मिति: | कार्यालय: |
| समूह /उपसमूह: | |
| हालको पदमा बढुवा मिति: | |
| कार्यालय: | |

माथि उल्लेखित सबै व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहूँला बुझाउँला ।

निवेदक

नामथर

क .सं. नं

दस्तखत

अनुसूची २
(कार्यविधिको दफा ६ सँग सम्बन्धित)
तह बृद्धि/ बढुवा पत्रको ढाँचा

मिति :

पत्रसंख्या :
चलानी नं :

**विषय: तह बृद्धि/बढुवा गरिएको ।**

महाशाय,

तपाईँलाई कोशी प्रदेश स्थानीय सरकारी सेवाको गठन तथा सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरीएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ४ को उपदफा ५ / दफा ८ को उपदफा १६ तथा दफा २७ को १ र मकालु गाउँ कार्यपालिकाको कर्मचारीहरुको तह बृद्धि तथा बढुवा सम्बन्धि कार्यविधि २०८१ बमोजिम मिति ………… गतेबाट ज्येष्ठता कायम हुने गरी तह बृद्धि /बढुवा कायम गरिएको छ ।

तपाईलाई प्राप्त जिम्मेवारी राष्ट जनता र सरकार प्रति कर्तव्यनिष्ट भई प्रचलित ऐन कानुनको परिधिमा रहेर पारदर्शी निष्पक्ष अनुशासित भई सकरात्मक सोच र उर्जाका साथ कार्यसम्पादन गर्नुहुनेछ भन्ने अपेक्षा लिएको छु।

**अधिकृतस्तर** .............. **/ सहायकस्तर** ............ **तहमा तह बृद्धि/बढुवा हुनुभएकोमा हार्दिक बधाई छ ।**

तपसिल :

| हाल कार्यरत पद | तह बृद्धि/मिलान गरेको पद |
|---|---|
| पदः | पदः |
| तहः | तहः |
| सेवा: | सेवा: |
| समुहः | समुहः |
| उपसमूहः | उपसमूहः |
| कार्यरत कार्यालय : | कार्यरत कार्यालय : |

श्री .........................
कर्मचारी संकेत नंम्बर

.......................
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह कर्मचारी प्रशासन शाखा, सिंहदरवार काठमाडौं ।
श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय अनामनगर काठमाडौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश विराटनगर मोरङ्ग ।
श्री राष्ट्रिय किताबखाना-निजामती, पुल्चोक ललितपुर ।
श्री प्रदेश लोक सेवा आयोग, विराटनगर मोरङ्ग ।
श्री प्रदेश किताबखाना, विराटनगर मोरङ्ग ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर काठमाडौं ।
श्री कर्मचारी सञ्चयकोष, विराटनगर मोरङ्ग।
श्री कोष तथा लेखा नियन्त्रक कार्यलय संखुवासभा ।
श्री आर्थिक प्रशासन महाशाखा, मकालु गाउँपालिका,गाउँ कार्यपालिको कार्यालय ।

# मकालु गाँउपालिकाका कर्मचारीहरुको नियमित तह बृद्धि/ बढुवा सम्बन्धी कार्यविधि- २०८१